नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

त्रिपुरेश्वर, काठमाण्डौं

## १. पृष्ठभूमि:

युवा शक्ति कुनै पनि देशको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । युवा जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकासका माध्यमबाट अहिलेका विकसित तथा विकासशील राष्ट्रले विकास निर्माणमा प्रगति हासिल गरेको देखिन्छ। हरेक देशको विकास र प्रगतिमा युवाको योगदान नै प्रमुख हुने गरेको छ। यसबाट नेपाल युवा जनसाङ्ख्यिक लाभांशबाट फाइदा लिई समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्नसक्ने अवसरको अवस्थामा रहे पनि राजनीतिक सङ्क्रमणका कारण देशको आर्थिक र सामाजिक क्षेत्रमा अपेक्षाकृत परिवर्तन हुन सकेको छैन ।

युवा अवस्थालाई विभिन्न मुलुकले फरक फरक तरिकाले परिभाषित गरेको पाइन्छ । शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबीचको उमेर समूहलाई जनाउँछ। यो जनसङ्ख्याको सर्वाधिक सक्रिय, उर्जावान् र गतिशील समूह हो । संसारका विभिन्न देशहरूको अनुभव हेर्दा पनि युवाको उमेर समूह फरक फरक पाइन्छ। अधिकांश देशमा युवाको उमेर १५-३५ वर्षका बिचमा कायम गरिएको पाइन्छ भने संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको पाइन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ। नेपालको जनसंख्याको

१६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत हुन आउँछ र आउने दशकमा यो प्रतिशत अझै बढ्ने निश्चित छ । नेपाल सरकारका विभिन्न निकायमा युवा उमेर समूहबारे अझै एकरूपता कायम हुन नसकिरहेको सन्र्दभमा 'युथ भिजन - २०२५' मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ ।
नेपालमा युवा विकास तथा परिचालनका लागि २०६५ सालमा नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय स्थापना गरेको थियो । मन्त्रालय गठनसँगै राष्ट्रिय युवा नीति तर्जुमा गरी युवा विकास र परिचालनका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । नेपाल सरकारको तेह्रौं योजनाको आधारपत्र (२०७०/०७१–२०७२/०७३) मा युवामा उद्यमशीलता र क्षमता अभिवृद्धि गर्ने, स्वरोजगार र आय आर्जन कार्यक्रममा सक्रिय बनाउने र राष्ट्रिय विकासको नेतृत्व गर्न सक्ने गरी सशक्तीकरण गर्ने रणनीति तय गरिएको छ । यसैअनुसार युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, श्रम तथा रोजगार, खेलकुद लगायतका क्षेत्रमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरूले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्महरु कार्यान्वियन गर्दै आएका छन् ।
युवा विकास र परिचालनका लागि युवा तथा खेलकुद मन्त्रालयसंग समन्वय गरी युथ भिजन २०२५ को मर्म र भावना अनुसार युवा लक्षीत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यले राष्ट्रिय युवा परिषद् ऐन २०७२ जारी भई सो अनुसार राष्ट्रिय युवा परिषद् स्थापना र गठन भैसकेको छ । परिषदको औपचारिक गठन पश्चात यसले सांगठानिक संरचना अनुसार कार्यालय र कर्मचारी व्यवस्थापन गरी आफ्नो कार्यारम्भ गरिसकेको छ

राष्ट्रिय युवा नीति २०७२ मा युवा विकासका व्यापक विषय वस्तुलाई नीतिगत रूपमा समावेश गरिएको छ । तिनै विषयहरु लाई

प्राथमिकता निर्धारण गरेर कार्यान्वयनका लागि युवा विकासको स्पष्ट दृष्टिकोण, रणनीतिक कार्ययोजना र कार्यक्रम तय गर्नु अति आवश्यक छ । नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरू, युवा विकाससँग सम्बन्धित संघ/संस्थाहरू र अन्तर्राष्ट्रिय दातृ संस्थालाई युवा विकासको लक्ष्यमा समन्वयात्मक रूपमा परिचालन गरी राष्ट्रिय युवा परिषदमार्फत राष्ट्रिय युवा नीति, २०७२ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न 'युथ भिजन - २०२५' सहितको दश बर्षे रणनीतिक योजना निर्माण भई सोको कार्यान्वयनको प्रक्रिया पनि शुरु भएको छ ।

अन्तर्राष्ट्रिय स्तरमै युवा क्षेत्रमा भएका प्रगति र नेपालको अवस्थालाई मध्यनजर गरी 'युथ भिजन - २०२५' ले अहिलेको युवा विकासका मूल समस्यालाई लक्षित गरी *युवा विकासका पाँच रणनीतिक आधारस्तम्भ* तय गरेको छ ।

नेपाललाई सन् २०२५ सम्म द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन शिक्षालाई गुणस्तरीय, व्यावसायिक र रोजगारीमूलक बनाउँदै सम्पूर्ण युवाको पहुँच सुनिश्चित गर्नुपर्दछ । यो युवा विकासको लागि गरिनु पर्ने आधारभूत कार्य हो । युवा उद्यमशीलता, सिप विकास र रोजगारी सिर्जना अर्को प्रमुख कार्य हो । कृषि, पर्यटन, उर्जा, पूर्वाधार र जडिबुटी नेपालका लगानी र रोजगारीका महत्वपूर्ण क्षेत्र हुन् । त्यसैगरी सबल र स्वस्थ युवा निर्माणका लागि सन् २०२५ सम्म गर्नुपर्ने अर्को महत्वपूर्ण काम युवाका लागि स्वास्थ्य र सामाजिक सुरक्षाको सुनिश्चितता हो । युवालाई कस्तो प्रणालीबाट हामी स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न सक्छौं भन्ने कुरा महत्वपूर्ण हुन आउँछ । युवा परिचालन, सहभागिता र नेतृत्व विकासविना कुनै

पनि देशले विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन । युवा राष्ट्रिय अभियानहरू र देश निर्माण प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता र स्वयम्सेवकीय भूमिका मार्फत समाज र देशलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न सकिन्छ । युवा स्वावलम्बन, सशक्तीकरण, सहकार्य, पहलकदमीमार्फत राष्ट्र निर्माणका निमित्त युवा नेतृत्वलाई विकास र स्थापित गर्दै जानुपर्दछ । खेलकुद र मनोरञ्जनलाई युवाको मानसिक र शारीरिक स्वास्थ्यका साथै व्यक्तित्व विकाससँग समेत जोड्नुपर्दछ । खेलकुदको विकासले युवामा राष्ट्रिय भावना र एक्यवद्धता कायम गर्न मद्दत गर्दछ । यसका लागि मनोरञ्जन केन्द्र, व्यायाम केन्द्र, पार्कहरू, रंगशाला, कभर्डहल, खेल मैदानहरू, सांस्कृतिक कलाकेन्द्र स्थापना गर्न राज्यको लगानी आवश्यक हुन्छ । खेलकुदलाई व्यापकता दिन विद्यालय स्तरदेखि नै योजनाबद्ध विकास गरी सबै युवाको पहुँच सुनिश्चित गरिनु आवश्यक छ । यी आधारस्तम्भहरुलाई प्रभावकारी ढंगले लागु गर्न राष्ट्रिय युवा परिषद प्रतिवद्ध र प्रयासरत छ ।

## २. दूरदृष्टि (Vision)

नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकास मार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने ।

## ३. दीर्घकालीन लक्ष्य

जीवनोपयोगी शिक्षा, रोजगार, स्वास्थ्य र सामाजिक सुरक्षा लगायतका युवा विकासका क्षेत्रमा व्यापक लगानी गरी आम युवा सहभागिता, सहकार्य र नेतृत्व विकास मार्फत आगामी १० वर्षभित्र

राष्ट्रिय समृद्धि, समानता र सामाजिक न्याय हासिल गर्दै देशलाई अति कम विकसित राष्ट्रबाट द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन सक्षम जनशक्ति तयार गर्ने ।

## ४. उद्देश्य

१) युवा विकासको दूरदृष्टि तथा आगामी १० वर्षका लागि तय भएका लक्ष्यहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने ।

२) युवा विकासका लागि निर्धारित पाँचवटा मूल आधारस्तम्भ (Five Pillars) हरुको सफल कार्यान्वयनका लागि आफ्नो साधन र स्रोत त्यस तर्फ केन्द्रित गर्ने

३) राष्ट्रिय युवा नीति, २०७२ ले निर्दिष्ट गरेका नीति र कार्यनीतिहरूलाई कार्यान्वयन गर्ने ।

४) युवा क्षेत्रको विकासका मूल समस्या, चुनौती र सम्भावना पहिचान गरी तदनुरूप योजना तथा कार्यक्रम तय गर्ने ।

५) राष्ट्रिय र अन्तर्राष्ट्रिय विकास लक्ष्यसँग एकाकार गर्दै सरकारी, गैर सरकारी तथा निजी क्षेत्रहरुसंग समेत साझेदारी र सहकार्य गर्दै सबल, सक्षम, प्रतिष्पर्धी र आत्मनिर्भर युवा जनशक्ति तयार गर्ने ।